समाचार
एडीबी नेपालबाट

www.adb.org/nrm
adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

चैत्र, २०६३

# ग्रामीण पूर्वाधारको पुनर्निर्माण



**रामो भविष्यका लागि** एडीबीले सहयोग गरिरहेको सरकारको अन्तरिम विकास योजनाले ग्रामीण तथा फाइदाबाट बञ्चित समुदायलाई विकासको मूलप्रवाहमा ल्याउने उद्देश्य लिएको छ ।

एक दशक भन्दा लामो द्वन्द्वले नेपालको विकास निर्माणमा गम्भीर असर पारेको छ । अर्बौं मूल्यका विकास पूर्वाधारहरू क्षतिग्रस्त भएका छन् भने दशौं हजार व्यक्ति विस्थापित भई जीविकोपार्जनको आधार गुमाएका छन् ।

सन् २००६ नोभेम्बरमा हस्ताक्षर भएको शान्ति सम्झौता र त्यसपछिको स्थायित्वसँगै देशमा विकास कार्यक्रमहरू थालनी गर्ने चुनौतीपूर्ण जिम्मेवारी नेपाल सरकारको सामुन्ने छ । ग्रामीण समुदायलाई अत्यावश्यक सेवा उपलब्ध गराउन तत्काल पूर्वाधार पुनर्निर्माण गर्नु आवश्यक छ । एसियाली विकास बैंक (एडीबी) ले प्राविधिक सहायता आयोजनाका माध्यमबाट नेपाल सरकारलाई क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र पुनर्स्थापनमा सहयोग गरिरहेको छ ।

## अन्तरिम विकास योजना

देश अहिले संक्रमणकालमा रहेको र यो केही वर्ष कायम रहनसक्ने अवस्थालाई मध्यनजर राखेर नेपाल सरकारले खासगरी ग्रामीण गरिब जनतामा छिट्टै अत्यावश्यक भौतिक सुविधाहरू उपलब्ध गराउन राष्ट्रिय रणनीतिका रुपमा ३ वर्षे अन्तरिम विकास योजना तर्जुमा गर्ने निर्णय गरेको छ ।

एडीबीले अल्पकालिन विकास योजनाको तर्जुमामा सहयोग गर्न सरकारलाई ३ लाख अमेरिकी डलर प्रदान गर्दैछ । यसले अन्तरिम कालमा नेपालका विकास कार्यहरूलाई निर्देशित गर्न एक विकास संरचना तयार पार्नुपर्ने आवश्यकता पहिचान गरेको छ ।

तीन वर्षे अन्तरिम विकास योजनाको तर्जुमामा सहयोग गर्ने प्राविधिक सहायता आयोजना २०६३ पुस ३ गते स्वीकृत गरिएको हो । यसले सरकारी प्राथमिकतामा आधारित विकास कार्यहरूको पुनसंचालनमा सहयोग गर्ने

क्रमश: दोश्रो पेजमा

## यस अंकमा ....

- राजनीतिक स्थायित्व भए नेपालको आर्थिक वृद्धि हुने : एडीओ २००७ ३
- नियोगका कार्यशाला तथा कार्यक्रमहरू ४
- एडीबीद्वारा नेपालको विकास अवस्था समीक्षा ४
- नियोगका कर्मचारीको समाचार ४

*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ ।*

# ग्रामीण पूर्वाधारको पुनर्निर्माण क्रमश: पहिलो पेजबाट

र द्वन्द्व तथा गरिबीका संरचनात्मक कारणहरूलाई सम्बोधन गर्ने उद्देश्य लिएको छ ।

एडीबीको नेपाल आवासीय नियोगका कायममुकायम प्रमुख पाउलो स्पान्टिगातीका अनुसार प्राविधिक सहायता लगानीले तीन वर्षे



**द्वन्द्व-प्रभावित क्षेत्रमा रोजगारी** एडीबीको सहयोगप्राप्त ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास कार्यक्रमले द्वन्द्व-प्रभावित क्षेत्रका बासिन्दालाई ग्रामीण सडक निर्माणमा काम लगाएर आयआर्जनको अवसर प्रदान गर्नेछ ।

अन्तरिम विकास योजनाको तर्जुमा, नेपाल विकास मञ्चको सहजीकरण र देशको दीर्घकालीन अवधारणा तयार पार्न चाहिने प्रारम्भिक सर्वेक्षण तथा रणनीति विकासमा सहयोग गर्नेछ ।

'तीन वर्षे अन्तरिम विकास योजना सरकार, विकास साझेदार तथा अन्य सरोकार वालाहरूले तयार पारेका विभिन्न रणनीतिक प्रतिवेदनहरूको समीक्षा र मूल्यांकनमा आधारित हुनेछ', उहाँले भन्नुभयो ।

अन्तरिम विकास योजनाले परिणाममुखी विकास योजनाका महत्वपूर्ण अङ्गहरूलाई समावेश गर्नेछ । विकासका उद्देश्यहरू प्राप्त भएको कुरा सुनिश्चित गर्न निर्दिष्ट लक्ष्य परिसूचकहरू पनि समावेश गरिनेछ । 'कार्यक्रमको विकास, स्रोत विनियोजन, कार्यान्वयन तथा प्रगतिको अनुगमनलाई निर्देशित गर्न र निर्णय लिने कार्यमा प्रतिक्रिया दिन अन्तरिम विकास योजनाका लागि परिणाममुखी संरचना तयार पारिनेछ', स्पान्टिगातीले भन्नुभयो ।

यस योजनाले सामाजिक-आर्थिक उद्देश्यहरू पर्याप्त रुपमा पूरा गरेको सुनिश्चित गर्नुपर्नेछ। यसले रणनीतिक सुधारको कार्यान्वयन, संरचनाको विकासमा लाग्ने खर्च र फाइदाबाट वञ्चित समुदायलाई विकास प्रक्रियाको मूलप्रवाहमा ल्याउन सहयोग गर्नेछ ।

प्राविधिक सहायता आयोजनाले विकास संरचना तर्जुमा गर्न सहभागितामूलक तथा स्थानीय समुदायको मागमा आधारित पद्दति अपनाउनेछ । यसले स्थानीय आवश्यकता पहिचान गर्न तथा त्यसबाट प्राप्त हुने प्रतिफलको स्वामित्वलाई सुदृढ तुल्याउन स्थानीय समुदाय र स्थानीय स्तरका संगठनहरूसँग क्षेत्रीय तथा राष्ट्रिय स्तरको वृहत् परामर्श गर्नेछ। सन् २००७ अगष्टमा सकिने यस आयोजनाको कार्यान्वयन निकाय राष्ट्रिय योजना आयोग हो ।

## ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापन योजना

राष्ट्रिय योजना आयोगले अन्तरिम विकास योजनाको परिपूरकका रुपमा ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापन योजना तर्जुमा



**उपेक्षित समुदायसम्म पहुँच** ग्रामीण क्षेत्रका उपेक्षित तथा फाइदाबाट वञ्चित जाति तथा जनजाति समूहहरू ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास कार्यक्रमबाट प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

गरिरहेको छ। यसले द्वन्द्व-प्रभावित व्यक्तिहरूलाई तत्काल चाहिएका सेवाहरू उपलब्ध गराउनेछ। एडीबीको सहयोगमा सञ्चालन हुने यस योजनाले अन्तरिम योजनाको उच्च प्राथमिकतामा परेका कार्यक्रमहरूलाई प्रतिनिधित्व गर्नुका साथै ग्रामीण पूर्वाधारको पुनर्निर्माण तथा पुनर्स्थापनद्वारा ग्रामीण समुदायमा सार्वजनिक सेवाहरू विस्तार गर्ने उद्देश्य लिएको छ।

ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापन योजनामा सात उप-क्षेत्रहरू छन्, जसमध्ये धेरैजसो भौतिक पूर्वाधार तथा सुविधासँग सम्बन्धित छन्: सडक तथा पुल, खानेपानी तथा सरसफाई, सिंचाइ तथा नदी व्यवस्थापन तालिम, विद्युतीकरण, सञ्चार, भवन/भौतिक सुविधा र नागरिक उड्डयन ।

स्थानीय आवश्यकता तथा प्राथमिकतालाई योजनामा झल्काउन र समावेश गर्न खासगरी जिल्लास्तरका विभिन्न सरोकारवालाहरूसँग वृहत् परामर्श गरिनेछ । राष्ट्रिय योजना आयोगले ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापन लगानी योजनामा साझा समझदारी ल्याउन आफ्ना



**परामर्श** सरोकारवालाहरूसँगको वृहत् परामर्शद्वारा ग्रामीण पूर्वाधार लगानी योजना विकास गरिनेछ ।

विकास साझेदारहरूलाई यसका प्याकेज कार्यक्रमबारे जानकारी गराई छलफल गर्न २०६३ माघ १६ देखि १९ गतेसम्म पोखरामा कार्यशाला आयोजना गरेको थियो ।

## ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास कार्यक्रम

एडीबीले दीगो ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास कार्यक्रमको तयारीमा सहयोग गर्न २०६३ माघ १९ गते ५ लाख अमेरिकी डलर बराबरको प्राविधिक सहायता स्वीकृत गरेको छ।

यस प्राविधिक सहायता आयोजनाले क्षेत्र विकास कार्यक्रम तयार पार्नेछ, जसले नीतिगत तथा संस्थागत सुधार र ग्रामीण पूर्वाधार लगानीका माध्यमबाट ग्रामीण पुनर्स्थापन, आर्थिक वृद्धि र खासगरी ग्रामीण क्षेत्रको गरिबी निवारणलाई प्रवर्द्धन गर्नेछ ।

एडीबीको नेपाल आवासीय नियोगका कार्यक्रम व्यवस्थापन एकाई प्रमुख कि ही रियूका अनुसार प्राविधिक सहायता आयोजनाले द्वन्द्व-प्रभावित क्षेत्रका बासिन्दालाई ग्रामीण सडक तथा अन्य ग्रामीण पूर्वाधार निर्माणमा काम लगाएर आयआर्जनको अवसर प्रदान गर्न सरकारलाई सहयोग गर्नेछ ।

सरकारको ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापन लगानी योजनाअन्तर्गत ग्रामीण पूर्वाधारको योजना, डिजाइन र कार्यान्वयन गर्दा

क्रमश: तेश्रो पेजमा

## ग्रामीण पूर्वाधारको पुनर्निर्माण क्रमश: दोस्रो पेजबाट

सहभागितामूलक पद्दति अपनाइनेछ । ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास कार्यक्रम तर्जुमा गर्न सरकार, विकास साझेदार तथा सरोकारवालाहरूसँग क्षेत्रीय तथा राष्ट्रियस्तरमा वृहत् परामर्शहरू गरिनेछन् ।

'ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास योजनाले ग्रामीण सडक र सम्बन्धित पूर्वाधारमा प्रत्यक्ष लगानी गरेर ग्रामीण समुदायलाई आधारभूत सेवासम्म पहुँचमात्र बढाउँदैन, स्थानीय निकायको क्षमता विकास र विस्तारका लागि नीतिगत तथा संस्थागत सुधार का माध्यमबाट गरिबीमा पूर्वाधारले पार्ने प्रभाव अभिवृद्धिसमेत गर्छ र साथै ग्रामीण क्षेत्रका उपेक्षित र फाइदाबाट वञ्चित जाति तथा जनजाति समूहलाई प्रत्यक्ष लाभ पनि पुऱ्याउँछ', रियूले भन्नुभयो ।

ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास कार्यक्रमअन्तर्गत पुनर्निर्माण तथा पुनर्स्थापन र शान्तिको विकासमा तत्काल सहयोग पुगोस् भनी छिटो र लचिलो कर्जा प्रवाह विधिसहित लगानी तथा नीतिगत सुधार गरिनेछ ।

सन् २००७ जुनमा सकिने यस प्राविधिक सहायता आयोजनाको कार्यान्वयन निकाय स्थानीय विकास मन्त्रालय हो । ■

# राजनीतिक स्थायित्व भए नेपालको आर्थिक वृद्धि हुने: एडीओ २००७

राजनीतिक स्थायित्व पुनर्बहाली भए, समष्टिगत आर्थिक सुधार जारी रहे, उत्पादकत्व वृद्धि भए र नयाँ रोजगारको अवसर सिर्जना गरिए नेपालको आर्थिक वृद्धिदर अहिलेको २-३ प्रतिशतबाट बढेर ५-६ प्रतिशतसम्म पुग्ने प्रक्षेपण एडीबीको वार्षिक आर्थिक प्रकाशन 'एसियन डेभलपमेन्ट आउटलुक' (एडीओ) को सन् २००७ को संस्करणमा गरिएको छ । नेपाल आवासीय नियोगले चैत १२ गते पत्रकार सम्मेलन आयोजना गरी उक्त प्रकाशन सार्वजनिक गरेको हो ।

'शान्ति प्रक्रियाले नेपालका विकास चुनौतीहरू समाधान गर्ने अवसर प्रदान गरी आर्थिक सुधारको आशा जगाएको छ', नियोगका कायममुकायम प्रमुख पाउलो स्पान्टिगातीले एसियाको इकोनोमिक आउटलुक २००७ प्रस्तुत गर्दै भन्नुभयो ।




**एडीओ २००७** एडीबीको नेपाल आवासीय नियोगका कायममुकायम प्रमुख पाउलो स्पान्टिगातीले वार्षिक आर्थिक प्रकाशन 'एसियन डेभलप्मेन्ट आउटलुक (एडीओ)' सार्वजनिक गर्दै ।

'कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को वृद्धिदर आर्थिक वर्ष २००७ मा २ दशमलव ८ प्रतिशत र २००८ मा २ दशमलव ७ प्रतिशत रहने अनुमान छ', स्पान्टिगातीले भन्नुभयो- 'कृषिजन्य उत्पादनको वृद्धिदर सन् २००७ मा २ दशमलव ७ र २००८ मा २ दशमलव ८ प्रतिशत रहने अनुमान छ ।'

त्यसै दिन जापानको टोकियोमा सार्वजनिक एडीओले तीव्र र समानुपातिक वृद्धि हासिल गर्न कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादकत्व उच्च हुनुपर्ने बताएको छ । कृषि क्षेत्रको उत्पादकत्व र ग्रामीण आम्दानी बढाउन दीर्घकालिन कृषि योजना अत्यावश्यक छ । 'कृषि क्षेत्रको उच्च वृद्धिले समग्र कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा वृद्धि ल्याउछ, ग्रामीण गरिबी घटाउँछ र औद्योगिक क्षेत्रबाट आन्तरिक माग सिर्जना गर्छ', प्रतिवेदनमा भनिएको छ ।

नेपालको परम्परागत खेतीपाती र आयातीत इन्धनको निर्भरताका कारण मौसम र पेट्रोलियम पदार्थको मूल्यले पनि आर्थिक वृद्धि निर्धारण गर्नेछ । सिंचाइ सुविधा सीमित भएकाले सम्भावित कृषिजन्य उत्पादनलाई रोक्छ । 'मौसम सुधार, सुरक्षा, कर्जा, प्रविधि र बजार पहुँच कृषिजन्य उत्पादकत्व बढाउन अत्यावश्यक छन्', स्पान्टिगातीले भन्नुभयो ।

आर्थिक वर्ष २००६ मा गैर-कृषि क्षेत्रमा सुधारको संकेत देखिए पनि कृषि क्षेत्रको शिथिल वृद्धिदरले समग्र जीडीपी वृद्धिमा रोक लगाएको छ । वास्तविक जीडीपी २ दशमलव ३ प्रतिशत वृद्धि भए पनि प्रतिव्यक्ति वास्तविक जीडीपी शून्य दशमलव १ प्रतिशतमात्र बढेको छ । ■

# नियोगका कार्यशाला तथा कार्यक्रमहरू

नेपाल आवासीय नियोगले सन् २००७ को पहिलो त्रैमासिकमा निम्न कार्यशाला तथा कार्यक्रमहरूमा भाग लिएको थियो :

**२०६३ पुस २१–फागुन १५, नतिजा अनुगमन प्रणाली ।** नियोगका परामर्शदाता विनोद श्रेष्ठले एकीकृत नतिजा अनुगमन प्रणालीको विकास र संशोधित डिजाइन तथा अनुगमन संरचनाका सम्बन्धमा कर्मचारीहरूलाई जानकारी गराउनुभयो । उक्त छलफल अनुगमन प्रणालीलाई परिस्कृत तुल्याउनमा केन्द्रित थियो ।

**माघ १२, नेपालको अवधारणा ।** राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष शंकर शर्माले नयाँ नेपालको अवधारणा प्रस्तुत गर्नुभयो । विकास योजनाकारका रुपमा आफ्नो दशक लामो अनुभवका आधारमा उहाँले नेपालको विकास र आर्थिक वृद्धिका लागि प्रबर्द्धन गर्नुपर्ने प्राथमिक क्षेत्रहरूमा प्रकाश पार्नुभएको थियो ।

**फागुन २१–२२, विकास अवरोध : दक्षिण एसियामा द्वन्द्व र द्वन्द्वपछिको अवस्थामा काम गर्ने चुनौती ।** बेलायत अन्तर्राष्ट्रिय विकास विभागद्वारा लण्डनमा आयोजित उक्त उच्चस्तरिय सम्मेलनमा नेपाल आवासीय नियोगका कायममुकायम प्रमुख पाउलो स्पान्टिगातीले एडीबीका तर्फबाट भाग लिनुभएको थियो ।

सम्मेलनमा दक्षिण एसियाका सरकारी तथा



**अवधारणा** राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्मा नेपाल आवासीय नियोगका कर्मचारीहरूसँग नयाँ नेपालको अवधारणबारे विचार आदानप्रदान गर्दै ।

राजनीतिक दलका प्रतिनिधिहरू, विकास कार्यकर्ता, नागरिक समाज र विज्ञहरूले भाग लिएका थिए । खासगरी अफगानिस्तान, नेपाल र श्रीलंकाले द्वन्द्व जारी रहेको र त्यसपछिको समयमा विकास कार्यक्रम सञ्चालन गर्दा झेल्नुपरेका अवरोध र समस्यामाथि सम्मेलन केन्द्रित थियो । सम्मेलनका सहभागीहरूले त्यस्तो जटिल अवस्थामा निर्णायक व्यक्तिहरूका लागि उपलब्ध छनौट र अवसरहरू पहिल्याएका थिए ।

**फागुन २५, नेपालसम्बन्धी उजुरी सम्बोधन गर्ने मस्यौदा निर्देशिका ।** नियोगका सहायक आयोजना विशेषज्ञ रजनी केसी श्रेष्ठले उजुरीहरूको सम्बोधन र सुनुवाईका लागि तयार पारिएको मस्यौदा निर्देशिका प्रस्तुत गर्नुभयो । एडीबीको ग्राहक अभिमुखीकरण तथा पारदर्शी नीतिका आधारमा कुनै पनि किसिमका सोधपुछ, प्रतिक्रिया र स्पष्टिकरणलाई समावेशी ढंगमा समयमै सम्बोधन गर्न यो निर्देशिका तयार पारिएको हो ।

**फागुन ३०, खरिदसम्बन्धी ऐन २०६३ : यसका विशेषताहरूको परिचय ।** संसद्ले २०६३ पुस ४ गते पारित गरी पुस ३० गते राजपत्रमा प्रकाशित भएको खरिदसम्बन्धी ऐन २०६३ मा खरिद अधिकृत नरेन्द्र चन्दको प्रस्तुतिकरण रहेको थियो । नेपालमा वस्तु, सार्वजनिक कार्य, परामर्श सेवा तथा अन्य सेवाहरूका लागि सरकारी खरिद गर्दा अपनाउनुपर्ने आधारभूत सिद्धान्त र विधिहरू यस ऐनमा समावेश छन् । उहाँले सरकारी खरिदका लागि व्यवस्था गरिएको नयाँ संस्थागत संरचना सार्वजनिक खरिद अनुगमन कार्यालय र स्वतन्त्र समीक्षा प्यानलमाथि प्रकाश पार्दै कार्य दक्षता र समग्र अर्थतन्त्रको प्रबर्द्धनका लागि विद्युतीय खरिदको महत्व दर्शाउनुभयो ।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस् : http://www.adb.org/nrm ■

## एडीबीद्वारा नेपालको विकास अवस्था समीक्षा



तराई क्षेत्रमा हिंसात्मक प्रदर्शन जारी रहेकाबेला एसियाली विकास बैंक (एडीबी) दक्षिण एसिया विभागका उप-महानिर्देशक सुल्तान हफिज रहमान यहाँको अवस्था र विकासमा पर्ने प्रभावबारे छलफल गर्न २०६३ फागुन १३ देखि १९ गतेसम्म नेपाल भ्रमणमा आउनुभयो ।

उहाँले अर्थमन्त्री तथा बरिष्ठ सरकारी अधिकारीहरूसँग भेटेर सरकारको विकास प्राथमिकता तथा कार्यक्रम र अहिले भइरहेको कार्यान्वयनका सम्बन्धमा छलफल गर्नुभयो । उहाँले नेपालमा एडीबीको कार्यक्रम सञ्चालन तथा नीतिगत सुधारको समीक्षासमेत गर्नुभयो । ■

## नियोगका कर्मचारीको समाचार



### नयाँ कर्मचारी नियुक्त

**नरेन्द्रबहादुर चन्द** २०६३ माघ ५ गते प्रोक्योरमेन्ट अफीसरका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएको छ । उहाँले खरिद विवरणहरूको समीक्षा, कार्यान्वयन निकायको खरिद तथा करार सम्झौताका उपलब्धिहरूको विश्लेषण र एडीबीको खरिद निर्देशिका तथा ऋण सम्झौताविपरीत भएका कार्यहरूको पहिचान गर्नुहुनेछ । नियोगमा कर्मचारीका रुपले आबद्ध हुनुअघि चन्द यही संस्थामा खरिदसम्बन्धी विषयहरूको परामर्शदाता हुनुहुन्थ्यो । त्यसअघि उहाँले विश्व बैंकको सहयोगमा सडक विभागअन्तर्गत सञ्चालित सडक मर्मत तथा विकास आयोजनामा परामर्शदाताका रुपले काम गर्नुभएको थियो । उहाँले पोखरा विश्वविद्यालयको नेपाल इञ्जिनियरिङ कलेजबाट निर्माण व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएको छ । ■


**समाचार**

## नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्वन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको अधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरूपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं.३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल ।
फोन : + ९७७ १ ४२२ ७७७९
फ्याक्सः + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.abd.org/nm